# नुवाकोट जिल्ला अदालतबाट सेवा संकुचन अवधि थप भएको सूचना

नोवल कोरोना भाइरस (कोभिड—१९) को नयाँ भेरियन्ट विश्वव्यापिरुपमा फैलिरहेको र नेपालमा पनि त्यसको संक्रमण तीव्रगतिमा बढिरहेको सन्दर्भमा यस अदालतको मिति २०७८/२/७ को सूचनाबाट मिति २०७८/२/१८ गतेसम्म लागू हुने गरी सेवा संकुचनको अवधि थप गरिएकोमा हाल पनि संक्रमण र मृत्यूको संख्यामा बढोत्तरी आइ स्थिति जटिल रहेको, मिति २०७८/२/२५ गते सम्मका लागि नुवाकोट जिल्लाभर लागू हुने गरी जिल्ला प्रशासन कार्यालय नुवाकोटबाट निषेधाज्ञाको अवधि थप भएको सन्दर्भ समेतलाई दृश्टिगत गर्दै आज मिति २०७८/२/१८ गते सरोकारवाला निकाय समेतको सहभागिता, छलफल र परामर्शबाट यस अदालतमा बसेको बैठकको निर्णय समेतका आधारमा देहाएबमोजिमका सेवा प्रवाह गरिने गरी सेवा संकुचनको समयावधि पुनः थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>सुचारु रहने सेवाहरु</u>

(१) बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदनको दर्ता र सुनुवाई।

(२) पक्राउपुर्जी अनुमती, म्याद थप, कल डिटेल, अभियोगपत्र दर्ता, बयान र थुनछेक आदेश।

(३) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिमको निवेदन।

(४) बालबालिकालाई अभिभावकको जिम्मा लागाइ पाउ भन्ने निवेदन।

(५) कसूर ठहर भैसकेको तर सजाय निर्धारण हुन बाँकी मुद्दाको सुनुवाई।

(६) मुद्दा दर्ता भै विचाराधिन अवस्थामा रहेका मुद्दाको मिलापत्र।

(७) मुद्दा फिर्ता।

(८) डिसमिस र तामेली।

(९) घरेलु हिंसा सम्बन्धी अन्तरिम संरक्षणात्मक आदेश जारीको लागि परेको निवेदन।

(१०) जनस्वास्थ्य र माहामारी सम्बन्धी

उल्लिखित बुदाहरुमा सुचारु रहने भनी तोकिएका सेवा बाहेक यस अदालतबाट प्रवाह हुने सम्पूर्ण सेवा मिति २०७८/२/२५ गतेसम्म स्थगन रहने छन। सेवा स्थगन भएको अवधिका मुद्दा, रिट तथा निवेदनहरुमा रहेको हदम्याद, म्याद र तारेख गुज्रने छैन। म्याद थप र थुनछेकको सुनुवाई भर्चुयल विधिबाट समेत गर्न सक्ने व्यवस्था मिलाउदै लगिने। विद्यमान परिस्थितिको मूल्यांकन गरी आगामि दिनमा आवश्यक निर्णयहरु सूचित गर्दै जाने व्यहोरासमेत सम्बन्धित सबैमा अनुरोध छ।

मितिः २०७८/२/१८

इन्द्र कुमार खड्का
श्रेस्तेदार